# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## रोहिणी गाउँपालिका

रुपन्देही




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रोहिणी गाउँपालिका

### रुपन्देही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्याः २०७९।८०
च.नं. ७३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रोहिणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुपन्देही ।

**कैफियत सहितको राय**

हामीले रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ५९ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७८ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु ७१ लाख ४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ७ करोड ९३ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ५३ लाख ३८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# रोहिणी गाउँपालिका, रुपन्देही

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | ५१ | २५९६५ | ० | ० | ० | ७३ | ५१ | २५९६५ | ९८६ | ७१०४ | १७८७५ | ० | ० | २४९७९ | ० |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोहिणी गाउँपालिका रुपन्देही | ७९३७३ | ० | ० | ७९३७३ | ० | २५९६५ | १०५३३८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: रोहिणी गाउँपालिका, रुपन्देही , रोहिणी गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पर्शुराम पोखरेल | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रोमनाथ न्यौपाने | २०७७-४-१ | २०७८-१२-५ |
| लेखा प्रमुख | कृष्ण प्रसाद ज्ञवाली | २०७७-५-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २५,९६५,१२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,४०,३१,७०४.६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,९९,६३,००० | **चालु खर्च** | ३०,९०,५३,०६०.६८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५६,५७,००० | **पूँजीगत खर्च** | १५,०८,४५,५०२ |
| **राजश्व बाँडफाँट** | ११,१०,८७,६६०.६२ | **वित्तीय/अन्य व्यवस्था** | ५,३५,३९,२०४.९४ |
| **आन्तरिक आय** | १,४३,५५,१०१.३५ | | |
| **अन्य आय** | १३,२९,५८,५१४.३ | | |
| **कुल आय** | ६५,४०,२१,२७६.२७ | **कुल खर्च** | ५१,३४,३७,७६७.६२ |
| **बाँकी मौज्दात** | | २६,४६,१५,२१३.१८ | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। | |

| सि.नं. | आय तर्फ | | | सि.नं. | | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२४०३१७०४.६ | १ | **चालु खर्च** | ३०९०५३०६०.६८ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १५०८४५५०२. |
| | ख) बैंक | १२४०३१७०४.५७ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | **राजस्व (आन्तरिक आय)** | | १२५४४२७६२ | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १४३५५१०१.३५ | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | १११०८७६६०.६२ | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | | ४ | लगानी | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३५९९६३०००. | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | १२९३००००० | | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | २०७६६३००० | | | अन्य लगानी | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | ९७००००० | | ५ | **धरौटी फिर्ता** | १३५१२६२. |
| | घ) विशेष अनुदान | १३३००००० | | ६ | **कोष खर्च** | ३३२१९७२. |
| | | | | ७ | **अनुदान फिर्ता खर्च** | ४८८६५९७०.९४ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३५६५७०००. | **७** | **मौज्दात** | |
| | क) वित्तीय समानीकरण अनुदान | ६११३०००. | | | क) नगद **मौज्दात** | |
| | ख) सशर्त अनुदान | ८५४४०००. | | | ख) बैंक **मौज्दात** | |
| | ग) समपूरक अनुदान | ६००००००. | | | चालु **खर्च** | |
| | घ) विशेष अनुदान | १५००००००. | | | पूजिगत **खर्च** | |
| | ङ) कोभिड विशेष | | | | अन्तर **सरकारी** | १२५९६३५६८. |
| ५ | अन्तर सरकारी | | १२५९६३५६८. | | संचित कोष | १२७७१८०७०.०३ |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | विविध **कोष** | २२५८२७५. |
| | क) ऋण प्राप्ति | | | | विपद **व्यवस्थापन** | ९२९५४६.०७ |
| | ख) साँवा प्राप्ति | | | | कर्मचारी **कल्याण कोष** | |
| | ग) ब्याज प्राप्ति | | | | धरौटी | ७७४५७५४.१२ |
| | घ) अन्य प्राप्ति | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | १३०४१०९.१८ | | | |
| ८ | जनसहभागिता (नगद) | १७३३३२०. | १७३३३२०. | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>10</td><td>धरौटी आय</td><td>३९५७५१७.१२</td><td>३९५७५१७.१२</td><td></td><td></td><td></td></tr>
<tr><td>11</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>12</td><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७७८०५२९८०.८</td><td></td><td>जम्मा</td><td>७७८०५२९८०.८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रोहिणी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रोहिणी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ६४.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७१६६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>छलफल<br>लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्र.सं. र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७९।९।२० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्र.सं.मा असुली</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको क्र.सं.मा विद्यालयमा छात्रवृत्तिमा वढि निकासा रु १३८९००, भत्ता रु.१३९१४६ गरि जम्मा रु २७८०४६ दाखिला भएको छ । | |
| ५ | | | **वित्तीय विवरण परीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।<br>• लेखापरीक्षणका क्र.सं.मा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ६.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६.२ | | | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• पालिकाले कार्यक्र.सं.गत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्र.सं. तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्र.सं. अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्र.सं.मा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य,ज्याला,भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्र.सं.हरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७३ जनाको दरबन्दी रहेकोमा ३१ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख २वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.३ | | | **सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले यस वर्ष सफ्ट्रवेयर खरिदमा रु. १४१०४७६। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । गाँउपालिका तथा वडामा सिफारिस तथा अन्य सफ्ट्वेयर र कर्मचारी क्षमता विकास तथा व्यवस्थापन प्रणाली सफ्ट्वेयर गाँउपालिका र कुनै पनि वडामा प्रयोग नभएको पाइयो । पालिकाले खरिद गरेका सफ्ट्रवेयर प्रयोगमा ल्याउनुपर्दछ । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ६.४ | | | **भ्रमण खर्च** : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्र.सं.** | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमाउपप्रमुख श्री शिवकान्ती चमारले मिति २०७८।३।१० गते रु. ५८ करोड ७२ लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३१ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७.२ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | **बजेट तथा कार्यक्र.सं. तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्र.सं. तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्र.सं., बजेट तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्र.सं., योजना तथा कार्यक्र.सं.मा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, कार्यक्र.सं.बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७.४ | | | **रकमान्तर :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. ५३०१५००० रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ । | |
| ७.५ | | | **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्र.सं.मा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्र.सं. बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्र.सं. कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूजीगत शीर्षकमा बार्षिक रु. १५ करोड ८ लाख ४५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २७ लाख ५७ हजार अर्थात १.८३ प्रतिशत, दोश्रो चौमासिकमा रु. २ करोड ५६ | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाख ७५ हजार अर्थात १७.०२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१२ करोड २४ लाख १३ हजार, अर्थात ८१.१५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.७ करोड ९८ लाख ८० हजार अर्थात ५२.९५ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्र.सं. अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्र.सं. कार्यान्वयन गरिनुपर्दछ । | |
| ७.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्च रकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३२६४४०००. | २४००२०८२. | ५.२२ |
| पूर्वाधार विकास | १८१०७५०००. | ७८३८९९४१. | १७.०५ |
| सामाजिक विकास | ३०८५१३०००. | २५४२६९४०३.०६ | ५५.२९ |
| सुशासन र अन्तर सम्बन्धित क्षेत्र | २१०२१०००. | ११८७०७५८. | २.५८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०६६४००००. | ९१३६६३७८.६२ | १९.८७ |
| **जम्मा** | **६४९८९३०००.** | **४५९८९८५६२.६८** | **१००** |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५५.२९ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र २.५८ प्रतिशतबजेट विनियोजन गरेको छ । | |
| ७.७ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १४३५५१०१.३५ गत वर्षको मौज्दात रू. १२४०३१७०४.५७ राजस्व बाँडफाँड र अनुदानबाट रु.६३९६६६१७१ समेत रू. ७७८०५२९८०.८ आम्दानी | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएकोमा चालु तर्फ रु. ३०९०५३०६०.६८ र पूँजिगत तर्फ रु १५०८४५५०२ समेत रु. ५१३४३७७६७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.७९ प्रतिशत रहेको छ ।यसबर्ष पदाधिकारी सुबिधामा रू. ७१ लाख ८९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५०.०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.४१ प्रतिशत चालु र २३.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाहरूले बिकास निर्माण कार्यक्र.सं. संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ७.८ | | | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्र.सं.मा प्राप्त विवरण अनुसार कार्य | |

(७.८ अन्तर्गतको तालिका)

| कार्यक्र.सं./योजना | कुल कार्यक्र.सं. | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्र.सं. संख्या** | 374 | 25 | 5 | 11 | 333 |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सव इन्जिनियर ३ जना, प्रशासन सहायक १ जनालगायतका ११ पदहरू रिक्त देखिन्छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्र.सं. सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ८.२ | | | **कर्मचारी करार—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरू करारमा राखि रु. २,०६,६२,४२६.२५ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक कम्प्युटर अपरेटर ८ जना, प्राविधिक तर्फ ४ समेत १२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१६८४३१०।— भुक्तानी गरेको देखिन्छ ।पालिकाले कर्मचारी पदपूर्तिको लागि च.न. १३४२, मिति २०७७।१२।२५(०७७।७८) गते कर्मचारी पदपूर्तिको लागि माग फारम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश लोक सेवा आयोगलाइ पठाएको पाईयो ।पालिकाले करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कर्मचारी संचारमा रु ५४५२०० खाजामा रु ५३४००० प्राविधिक फिल्ड भत्तामा रु १३९३५० र कर्मचारी प्रोत्साहन भत्ता रु ११,४५,६१५ गरि जम्मा रु २३६४१६५ खर्च लेखेको छ । पालिकाले प्रोत्साहन खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **न्यायिक समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्र.सं.मा प्राप्त विवरण गत वर्षको वाकी ५ वटा, यो बर्षको थप ७९ विवाद दर्ता भएकोमा ६७ वटा मात्र फछ्र्यौट भई १७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९.२ | | | **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्र.सं. सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्र.सं. सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन ।<br>गाउँपालिकाले कार्यक्र.सं. कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्र.सं. सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा लगायतका कार्यक्र.सं. सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| १० | | | **सेवा प्रवाह** | |
| १०.१ | | | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १०.२ | | | **सेवाप्रवाहको स्थिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २१ वटा ऐन, ३ वटा नियमावली, १७ बटा कार्यबिधि र ३ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट स्वीकृत घरनक्सा पास ४५ जन्मदर्ता १८३८ मृत्युदर्ता ४१७ बसाईसराई दर्ता ९६ विवाह दर्ता ९३८ र सम्बन्धविच्छेद दर्ता ११ गरेको विवरण प्राप्त भएको छ ।कालोपत्रे सडक निर्माण २७ कि.मी.ग्राभेल सडक २० ट्रयाक खोल्ने कार्य ३.४४ को गरेको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| १०.३ | | | **योजना छनोट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>82</td><td>73</td><td>159</td><td>50</td><td>10</td><td></td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु एक लाख देखि १० लाख सम्मका जम्मा ३६४ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ७० प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका | |

| क.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १०.४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। | |
| १०.५ | | | ठेक्काको विवरण– निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| ११ | | | **विविध तथा अन्य खर्च** | |
| ११.१ | | | **खाना तथा विविध खर्च–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२४७७२१६।- खर्च गरेको छ । कार्यालयले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११.२ | | | **आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ३५४ जनालाइ रु २ हजार देखि २५ हजार सम्म जम्मा रु ३२ लाख ४७ हजार आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायताको आवश्यकता हो होइन सोको पहिचान नगरि मागको आधारमा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **महोत्सव तथा अन्य खर्च—** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल रू. ३० लाख ३५ हजार धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ ।पालिकाले यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७९ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम असार मसान्तमा संघीय सरकार तर्फ रू. ३७१२३२०८.९४ र प्रदेश सरकार तर्फ रू. ११७४२७६२.२० मिति २०७९।४।१ फिर्ता गरेको छ । | |
| १३ | | | **विपद व्यवस्थापन** | |
| १३.१ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्र.सं. अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्र.सं. सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| १३.२ | | | **विपद् व्यवस्थापन तर्फ —** पालिकाले आर्थिक सहायता तथा सामाग्री वितरण कार्यविधि २०७८, अनुसार यसबर्ष अविरल वर्षाको कारण बाढि २१८ जना बाढी पिडितलाई रु.१११७००० र बाढिबाट माछाको क्षती वापत ६५ जनालाई | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिकट्टा रु.२००० का दरले ७२९६०० राहत रकम वितरण गरी खर्च लेखेको छ । सो राहत रकमको वास्तविक सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन मूल्याङ्कन गर्नुपर्दछ । | |
| १४ | | | **पेश्की वाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।कार्यालयबाट देहायको निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की तोकिएको समयमा फछ्र्यौट हुनुपर्दछ । | |

| गो.भौ. नं./ मिति | पेश्की लिने निर्माण व्यवसायीको नाम | रकम | प्रयोजन |
|---|---|---|---|
| 2/2078-05-21 | नेशनल मल्टी विल्डर्स | 700000 | बेलराइ राजा चोकमा धर्मशाला निर्माण |
| 31/2078-08-24 | नेशनल मल्टी विल्डर्स | 700000 | बेलराइ राजा चोकमा धर्मशाला निर्माण क्रमागत योजना |
| 5/2078-11-01 | जे ओ कन्स्ट्रक्सन प्रा लि | 380000 | टिंकर देखि मनोहरापुर जाने सडक कालोपत्रे |
| 7/2078-11-01 | जे ओ कन्स्ट्रक्सन प्रा लि | 600000 | कृषि प्राविधिक भवन पजरकट्टी मा वि रोहिणी ७ |
| 2/2078-11-20 | साहनी निर्माण सेवा | 236000 | हनुमान गढिया देखि दुवैलिया सडक कालोपत्रे |
| 3/2078-11-20 | साहनी निर्माण सेवा | 245600 | बैकुण्ठपुर हुदै वडकी खुरहुरिया सडक विस्तार र कालोपत्रे वडा नं. 2 र 3 |
| 9/2078-12-29 | जे ओ कन्स्ट्रक्सन प्रा लि | 600000 | कृषि प्राविधिक भवन पजरकट्टी मा वि रोहिणी ७ |
| 19/2079-03-10 | चन्द्र तिला कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 270000 | विद्यालय कक्षाकोठा निर्माण अनुदान( दुइकोठे तथा चारकोठे भवन) |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>33/2079-03-25</td><td>अंशुमन निर्माण सेवा</td><td>512000</td><td>विद्यालय कक्षाकोठा निर्माण अनुदान( दुइकोठे तथा चारकोठे भवन)</td></tr>
<tr><td></td><td>जम्मा</td><td>4243600</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
अनुगमन भत्ता<br>
अनुगमन तथा अन्य भत्ताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्र.सं.को अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ ।पालिकाको क्षेत्रभित्र संचालित कार्यक्र.सं.हरुको अनुगमन राजश्व परामर्श समितिको फरफारक समिति लगायतका बैठक तथा अनुगमन गरेको भनि कार्यालयले स्थानीय निकायका पदाधिकारी सदस्य तथा कर्मचारीहरुलाइ अनुगमन तथा अन्य भत्ता भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्र.सं.को अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियमसम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको बैठक खर्च नियन्त्रण गर्नुपर्दछ ।नमुना छनोटको आधारमा परीक्षण गरेकोमा निम्नानुसार वडावाट अनुगमन भएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>नाम</th><th>अनुगमन दिन</th><th>रकम</th></tr>
<tr><td>८२९-२०७९।३।२२</td><td>अन्नान अहमद भाट</td><td>६</td><td>५१००</td></tr>
<tr><td></td><td>राम बेलास कहार</td><td>६</td><td>५१००</td></tr>
<tr><td></td><td>जग्गु लाल चमार</td><td>६</td><td>५१००</td></tr>
<tr><td></td><td>रेखा हरिजन</td><td>६</td><td>५१००</td></tr>
<tr><td></td><td>सुबुहुन निशा</td><td>६</td><td>५१००</td></tr>
</table>
</td><td>६७,५७५</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८२९-२०७९।३।२२</td><td>आविद अली पठान</td><td>९</td><td>११४७५</td></tr>
<tr><td></td><td>मो अमीन खाँ</td><td>८</td><td>१०२००</td></tr>
<tr><td></td><td>रिजवान खाँ</td><td>८</td><td>१०२००</td></tr>
<tr><td></td><td>फुला कहार</td><td>४</td><td>५१००</td></tr>
<tr><td></td><td>जानकी हरिजन</td><td>४</td><td>५१००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६७५७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>निर्देशिका तयारी<br>५०१-२०७९।११।२९ स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाउँकार्यपालिकाको प्रमुख कार्य पालिकाका लागि आवश्यक कार्यविधि,निर्देशिका तयार गर्ने हो । कार्यालयले वातावरण मैत्री निर्देशिका तयार गर्नका लागि सेवा र परामर्श शिर्षकवाट आरम्भ कल्सल्टिङ प्रा लि सगँ सम्झौता गरि रु ९६०५० भुक्तानी गरेको छ । गाउँपालिकाका लागि आवश्यक निर्देशिका जस्तो विषयमा परामर्श सेवावाट तयार गर्ने कार्य अनियमित देखिएको रु</td><td>९६,०५०</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ ।पालिकाले सशस्त्र प्रहरी वडा नं ५ इमलियालाइ मासिक रु ११००० का दरले रु १३२००० घरभाडा उपलब्ध गराएको छ ।गाउँपालिकाको कार्यक्षेत्रभन्दा वाहिरको निकायलाइ घरभाडा भुक्तानी दिने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>परामर्श खर्च<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छनोट भएपछि लाभ लागत यकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।
<table>
<tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>खर्च रकम</td></tr>
<tr><td>समृद्धि रोहिणी खुशी रोहिणी कार्यक्र.सं.</td><td>मिशन पब्लिक मिडिया प्रा लि</td><td>४५०८७०</td></tr>
<tr><td>विपद पूर्वतयारी तथा प्रतिकार योजना</td><td>इन्द्रेणी ग्रामिण विकास केन्द्र</td><td>४९८३३०</td></tr>
<tr><td>शिक्षा तथा स्वास्थ्य सम्बन्धी प्रगतिको वृत्तचित्र</td><td>भैरहवा संचार गृह</td><td>९९०००</td></tr>
<tr><td>गाउँपालिकाको समग्र विकास निर्माण कार्यको डकुमेन्ट्री</td><td>वुद्ध सामुदायिक टेलिभिजन</td><td>२०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>गै.स.स. मार्फत कार्यक्र.सं.<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्र.सं. पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्र.सं. संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>गौ न मिति</td><td>कार्यक्र.सं.</td><td>सस्थाको नाम</td><td>रकम</td></tr>
<tr><td>231-078/9/8</td><td>जातिय विभेद तथा छुवाछुत विरुद्द जनचेतनामुलक कार्यक्र.सं.</td><td>देवदह सामुदायिक विकास तथा सिकाई केन्द्र</td><td>१०००००</td></tr>
</table></td><td>१,९८७,४०८</td></tr>
</table>

| क.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| 232-078/9/8 | महिला सशक्तिकरण र लैगिंक हिसां विरुद्दको कार्यक्र.सं. | लुम्बिनी आर्दश महिला केन्द्र नेपाल | १००००० |
| 243-078/9/12 | दैवी प्रकोप तथा विपद व्यवस्थापन सम्वन्धी कार्यक्र.सं. | ग्रीन फाउण्डेसन अफ नेपाल | १००००० |
| 266-078/9/29 | घरेलु महिला हिसां न्यूनीकरण जनचेतनामुलक कार्यक्र.सं. | तराई सामुदायिक विकास केन्द्र | १००००० |
| 325-078/10/5 | च्याउ खेती तालिम र विउ वितरण | तराई सामुदायिक विकास केन्द्र | १४९००० |
| 360-078/10/28 | दलित किसानहरुलाइ व्यवसायिक तरकारी खेती तालिम तथा विउ वितरण | तराई सामुदायिक विकास केन्द्र | १४९४९९ |
| 404-078/10/27 | महिला हिसां विरुद्द जनचेतनामुलक कार्यक्र.सं. | नमस्ते वाल वचाउ नेपाल | १४९९५१ |
| 415-078/11/1 | दलितहरुका लागि क्षमता विकास कार्यक्र.सं. | देवदह सामुदायिक विकास तथा सिकाई केन्द्र | १००००० |
| 482-78/11/26 | न्यायिक समिति तथा मेलमिलाप अभिमुखीकरण तालिम | नमस्ते वाल वचाउ नेपाल | २९९९५८ |
| 590-078/12/28 | मधेसी मुस्लिम पिछडा वर्ग युवा युवतीका लागि सीपमुलक तालिम | तराई सामुदायिक विकास केन्द्र | २००००० |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७३०-०७९/०३/०८</td><td>हेल्प डेस्क सञ्चालन</td><td>वीर फाउन्डेसन नेपाल</td><td>३९९०००</td></tr>
<tr><td>७५५-०७९/०३/१५</td><td>मेलमिलाप केन्द्र गठन तथा सञ्चलान</td><td>सामुदायिक मेलमिलाप केन्द्र</td><td>१४००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९८७४०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधाः नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था बमोजिम रु. ७१,८९,८६५.०० सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>इन्धन सुविधाः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ ।ऐनको दफा ४ को उपदफा २ वमोजिम सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ ।यातायात सुविधामा सवारी पाएको पदाधिकारीले अनुसूचीमा उल्लेख भए वमोजिम अध्यक्षले मासिक १२० लिटर इन्धन सुविधा पाउने इन्धन र मोविल पाउने व्यवस्था छ ।तर पालिकाका पदाधिकारी तथा सदस्यहरूले यातायात सुविधा लिएको अवस्थामा समेत इन्धन वुझेको तथा अनुसूचीमा उल्लेख गरेको भन्दा वढी खर्च गरि भुक्तानी लिएको देखिन्छ ।नियम विपरित दोहोरो भत्ता रु ७९१८९५ र पालिकाले अन्य पदाधिकारीलाइ इन्धन उपलब्ध गराएको सम्बन्धमा एकिन गरि असुल गर्नुपर्ने रु
<table>
<tr><td>क्रस</td><td>पद</td><td>पदाधिकारीकोनाम</td><td>इन्धन(पेट्रोल।डिजल)</td><td>प्रचलित दर</td><td>जम्मा</td></tr>
</table>
</td><td>७९१,८९५</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>अध्यक्ष</td><td>सनोज कुमार यादव</td><td>४५३५ डि</td><td>१३८</td><td>६२५८३०</td></tr>
<tr><td>२</td><td>अध्यक्ष</td><td>विद्या प्रसाद यादव</td><td>२५२</td><td>१३८</td><td>३४७७६</td></tr>
<tr><td>३</td><td>उपाध्यक्ष</td><td>शिवकान्ती चमार</td><td>३६८ पे,१०० ली डि</td><td>१४३ र १३८</td><td>६६४२४</td></tr>
<tr><td>४</td><td>वडाअध्यक्ष</td><td>आविद अलि पठान</td><td>९५ लि पे,४० ली डि</td><td>१४३ र १३८</td><td>१९१०५</td></tr>
<tr><td>५</td><td>वडाअध्यक्ष</td><td>सरोज कुमार पाण्डे</td><td>१० लि पे</td><td>१४३</td><td>१४३०</td></tr>
<tr><td>६</td><td>वडाअध्यक्ष</td><td>करम हुसेन खान</td><td>३० लि पे</td><td>१४३</td><td>४२९०</td></tr>
<tr><td>७</td><td>वडाअध्यक्ष</td><td>वीर वहादुर क्षेत्री</td><td>२६० लि पे</td><td>१४३</td><td>३७१८०</td></tr>
<tr><td>८</td><td>वडाअध्यक्ष</td><td>इन्द्रमान चौधरी</td><td>२० लि पे</td><td>१४३</td><td>२८६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>७९१८९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कोभिड भत्ता<br>५५३-२०७८।१२।६सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ११ मा भत्ता, खानाखाजा तथा सुविधामा कोभिड १९ को सङ्क्रमण रोकथाम,नियन्त्रण तथा उपचारमा अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी,कोभिड प्रयोगशालामा काम गर्ने कर्मचारी, सरसफाईकर्मी र कोभिड रोकथाममा प्रत्यक्ष रुपमा खटिएका सुरडाकर्मी मात्र जोखिमको वर्गीकरणसहितको अभिलेखको आधारमा भत्ता दिन सकिने व्यवस्था छ । पालिकाले रेणुका पाण्लाडेयलाइ खोप लगाउने कार्यमा खटेको भनि रु १८७०० सेवा सुविधा उपलब्ध गराएको असुल हुनुपर्ने रु</td><td>१८,७००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सहकारी संस्था सफ्टवेयर जडान</td><td>६५,८७९</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा स्थानीय तहले योजना तर्जुमा गर्नुपर्ने आधार तयार गरेको छ ।साथै आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४९१० मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्र.सं. र उपलव्ध स्रोतको उच्चतम प्रतिफल हुने तथा मितव्ययी तरिकाले खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनले तोकेको व्यवस्था विपरित पालिकाले नाफामुलक संघर्ष बचत तथा ऋण सहकारी संस्थाको सफ्टवेयर जडानको लागि गो.भौ.नं.२८६।२०७९-०३-२२ रु.६५८७९ लेखेको छ । बचत तथा ऋण परिचालन गर्ने र नाफा आर्जन गर्ने संस्थाको भवन निर्माण गर्ने कार्य उचित नदेखिएको रु. | |
| २३ | | | **कोभिड खोप कार्यक्र.सं.**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ ।पालिकाले कोभिड १९ विरुद्द खोप कार्यक्र.सं.का लागि विभिन्न मितिमा स्वास्थ्य संस्थाहरुमा खटेको भनि पदाधिकारीलाइ सेवा सुविधा उपलब्ध गराएको छ । ऐनले निर्धारण नगरेको सुविधा भुक्तानी भएको पदाधिकारीवाट असुल गर्नुपर्ने रु | ४०,३७५ |

| क्र स | पद | नाम | दिन संख्या | रकम |
|---|---|---|---|---|
| १ | अध्यक्ष | सनोज कुमार यादव | २१ | १७८५० |
| २ | अध्यक्ष | बिद्या प्रसाद यादव | ५ | ६३७५ |
| ३ | उपाध्यक्ष | शिवकान्ति हरिजन | १९ | १६१५० |
| | जम्मा | | | ४०३७५ |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद | २१४,००० |

| क.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्ननहुने उल्लेख छ । तर गाउँ प्रमुखको प्रेस सल्लाहाकारको श्री राधेश्याम विकलाई प्रति महिना रु १७०००।०० का दरले बार्षिक रु.२०४००० र पोषाक भत्ता रु १०००० खर्च लेखेको अनियमित रु | |
| २५ | | | **प्रशिक्षक भत्ता**<br>अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ को बुदाँ नं ७.१.१५ मा भएको व्यवस्था बमोजिम गाउँपालिकामा सञ्चालित सबै प्रकारका सहायक स्तरीय तालिममा तालिमका स्रोत व्यक्तिले कार्यपत्र वापत रु ७०० र कक्षा सञ्चालन वापत रु ६०० पाउने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने व्यवस्था उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न कार्यक्र.सं.मा प्रशिक्षकलाई निम्नानुसारको रकम बढी भुक्तानी गरेकाले असुल उपर गर्नुपर्ने रु | १३,२७५ |

| गो.भौ.नं.र मिति | कार्यक्र.सं. | भुक्तानी पाउनेको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३५-०७९/०१/०७ | गरिबी निवारणका लागि लघु उद्यम कार्यक्र.सं. | ओमप्रकाश ठाकुर | कार्यपत्र | २५५० |
| ३५-०७९/०१/०७ | गरिबी निवारणका लागि लघु उद्यम कार्यक्र.सं. | हरिनारायण चौधरी | कार्यपत्र | १२७५ |
| ४८-०७८/११/२० | महिला बालबालिका अपाङ्गता भएका व्यक्तिको तथ्थाङ्क संकलन | जमुना शर्मा रेग्मी | प्रशिक्षक | ९४५० |

| क.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २६.१ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७७०००००।— | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. १४३५५१०१.३५ अर्थात अनुमानको १८६ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>६४९८९३०००</td><td>१४३५५१०१.३५</td><td>2.2</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>स्थानीय तहरूको विभाज्य कोष— प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २९७४० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २६.५ | | | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २६.६ | | | **राजश्व अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष सफ्टवयर मार्फत राजस्व संकलन गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । पालिकाले यसबर्ष पालिका केन्द्र र ०७ वटा वडाबाट रु. ११६३९९०८ आन्तरिक राजस्व संकलन र दाखिला गरेको विवरण पेश गरेको छ । पालिकाले राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्दछ । | |
| २६.७ | | | **राजश्व दाखिलाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथे सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म दिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तरगतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । वडा कार्यालयबाट भएको आम्दानी रकम सवैजसो वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । साथै लेखापरीक्षणका लागी कार्यालयले उपलब्ध गराएको वडा | १६,६४२ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कार्यालयहरुको राजश्व आम्दानी तथा दाखिला गरेको विवरण अनुसार नमुना छनौट गरी विश्लेषण गरिएकोमा देहाय अनुसार ढिला गरि दाखिला गरेको देखियो । अन्य महिनाहरुमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालय स्वयले यकिन गरी जरिवाना असुल गर्नु पर्दछ । साथै नमूना छनौटमा देहायअनुसार ढिला दाखिला गरेको देखिएकोले जरिवाना असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>राजश्व कारोबार गर्ने कर्मचारीको नाम थर</th><th>राजश्व असुली महिना</th><th>रकम</th><th>बैक दाखिला मिती</th><th>ढिला दाखिला रकम</th><th>ढिला दिन</th><th>जरिवाना</th></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">मञ्जु कुमारी यादव</td><td>श्रावण</td><td>८१२२४</td><td>२०७८।०५।१७</td><td>८१२२४</td><td>१७</td><td>८१२२</td></tr>
<tr><td>भाद्र</td><td>१२०५१८</td><td>२०७८-०६-१४</td><td>८५२०८</td><td>१४</td><td>८५२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१६६४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.८</td><td></td><td></td><td>
कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>राजस्व संकेत</th><th>आम्दानी शीर्षक</th><th>अनुमान</th><th>यस महिना सम्मकोआम्दानी</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>१</td><td>११३१४</td><td>भुमिकर/मालपोत</td><td>१५०००००.</td><td>२१४१८५३.४४</td><td>142.79</td></tr>
<tr><td>२</td><td>११३२१</td><td>घरवहालकर</td><td>१५०००००.</td><td>२१०६१२९.४८</td><td>140.41</td></tr>
<tr><td>३</td><td>१४२१९</td><td>अन्यसेवा शुल्क तथा बिक्री</td><td>५०००००.</td><td>१२१५६३७.९८</td><td>243.13</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>१४२४२</td><td>नक्सापासदस्तुर</td><td>१००००००.</td><td>१२७७१५०.४५</td><td>127.72</td></tr>
<tr><td>५</td><td>१४२४३</td><td>सिफारिशदस्तुर</td><td>२५०००००.</td><td>३३२१११०.</td><td>132.84</td></tr>
<tr><td>६</td><td>१४२४४</td><td>व्यक्तिगतघटना दर्ता दस्तुर</td><td>३०००००.</td><td>६६३९२०.</td><td>221.31</td></tr>
<tr><td>७</td><td>१४२५३</td><td>व्यावसायरजिष्ट्रेशन दस्तुर</td><td>२५००००.</td><td>29740</td><td>11.90</td></tr>
<tr><td>८</td><td>१४३१२</td><td>प्रशासनिकदण्ड, जरिवाना र जफत</td><td>१०००००.</td><td>१६८०६३१.</td><td>1680.63</td></tr>
<tr><td>९</td><td>१५१११</td><td>बेरूजू</td><td>50000</td><td>१९१८९२९.</td><td>3837.86</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७७०००००.</td><td>१४३५५१०१.३५</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तकः कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि १५ विद्यालयलाई रु.४७१२२६६ अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्र.सं. विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १५ सामुदायिक विद्यालय तथा मदरसामा १३४ दरवन्दी भएकोमा १२६ पदपूर्ति भएको पाइयो । पालिकामा जम्मा ८०७५ विद्यार्थीलाइ शिक्षक विद्यार्थी अनुपात प्रति शिक्षक ६० जना रहेको देखिन्छ । पालिकाले शिक्षक विद्यार्थी अनुपातमा विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गर्नुपर्ने देखिन्छ । | |
| २७.३ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** – अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ । | |
| २७.४ | | | **दिवा खाजा रकम**: कार्यक्र.सं. कार्यान्वयन पुस्तिका (आ.व.२०७८।७९) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्र.सं. कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि १५ विद्यालयलाइ रु ८४०८०७० निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । | |
| २७.५ | | | **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानः** ६५४–-२०७९।१।२१ कार्यक्र.सं. कार्यान्वयन पुस्तिका (आ.व.२०७८।७९) को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । संघीय सरकारवाट विद्यालय संचालन तथा व्यवस्थापनका लागि अनुदान प्रदान भएको अवस्थामा पालिकाले निर्णय गरि प्रति माध्यमिक विद्यालयलाइ रु २५००००, ९।१० कक्षा संचालन भएको विद्यालयलाइ | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु २०००००, आधारभुत विद्यालयलाइ रु १५०००० र प्राथमिक विद्यालयलाइ रु ५०००० का दरले ३१ वटा विद्यालयलाइ रु ३१००००० निकासा भएकोमा संघीय सरकारवाट र पालिकावाट दोहोरो पर्ने देखिन्छ । पालिकाले विद्यालयलाई दिएको अनुदानको अनुगमन नगरेको, विद्यालयले सो रकम कुन कुन शिर्षकमा खर्च गरेको प्राप्त प्रमाण पेश हुनुपर्दछ । | |
| २७.६ | | | **आन्तरिक आय राजश्व बाँडफाँडबाट शिक्षकको तलब भत्ता—** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका ३३ जना शिक्षक नियुक्ति गरि वित्तीय समानीकरण अनुदानबाट रु.७५ लाख १४ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।पालिकाले दरवन्दी वाहिरका शिक्षक नियुक्ति गरि तलब भत्ता लेख्नु हुदैन । | |
| २८ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । पालिकाले यसवर्ष रु २० लाखको औषधि खरिद गरेकोमा निम्नानुसार व्यहोरा देखियो । • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अनुदानको अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहवाट विगतमा संचालित कार्यक्र.सं.हरुको प्रभावकारीता मुल्याङ्कन समेत का आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नु पर्ने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्र.सं.हरुको प्रभावकारीता का लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवस्यक व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकावाट निम्न कार्यक्र.सं. अन्तगत विभिन्न संस्था समुहलाई कार्यक्र.सं. संचालन अनुदान उपलब्ध गराएको छ ।
<table>
<tr><th>गो. भौ. नं. र मिति</th><th>कार्यक्र.सं.</th><th>अनुदान पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>अनुदानको अवस्था</th></tr>
<tr><td>१४०-०७९/०३/२५</td><td>धान पकेट कार्यक्र.सं.</td><td>अमिना कृषि समूह</td><td>५६१४५०</td><td>नभएको</td></tr>
<tr><td>११८-०७९/०३/२२</td><td>उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान</td><td>श्रेया ट्रेड सप्लायर्स</td><td>४४३८०</td><td>नभएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>अनुत्पादन खर्च<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं.र मिति</td><td>कार्यक्र.सं.</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>६२२-०७९/०१/०७</td><td>मृतक नागरिकको जिन्सी सहयोग</td><td>२०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
मुल्य अभिवृद्धि कर नभएका सँग खरिद<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची—५ बमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। देहाय अनुसारको विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई उपभोक्तालाई समेत जिम्मेवार बनानु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्र.सं.</th><th>आपुर्तिकर्ताको नाम</th><th>विल संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">६८९-०७९/०२/१९</td><td rowspan="2">स्वास्थ्य शिविर सञ्चालन</td><td>बन्दना श्री साडी</td><td>१</td><td>२००००</td></tr>
<tr><td>अन्जु फेन्सी स्टोर्स</td><td>१</td><td>२००००</td></tr>
<tr><td>५०-०७८/११/२५</td><td>शैक्षिक पहुँच सुनिश्चितता</td><td>लोटस कस्मेटिक्स</td><td>५</td><td>३५८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
वितरणको मापदण्ड<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले कृषि औजार, ह्याण्ड पम्प,जस्तापाता, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाखा र कुखुरा लगायतका कार्यक्र.सं. सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण
</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा पालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| ३३ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्र.सं.को सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।पालिकाले बर्षभरिमा १ पटक सार्वजनिक सुनुवाइ एच एस इन्जिनियरिङ्ग कल्सल्टेन्सीवाट गरी रु १९९७८४ खर्च लेखेको देखिन्छ ।सार्वजनिक सुनुवाई जस्तो विषय कन्सल्टेन्सीवाट गराउने कार्य नियन्त्रण गर्नुपर्दछ । | |
| ३४ | | | **भरपाई पेश गर्नुपर्ने**<br>(क) कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्र.सं.हरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्र.सं. स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्र.सं.को प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्र.सं. विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन।<br>(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायको भुक्तानी गर्दा वितरणको भरपाई श्रेस्ता साथ संलग्न नभएकाले वितरणको भरपाई पेश हुनुपर्दछ । | |

| गो. भौ. नं. र मिति | कार्यक्र.सं. | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ७४६-०७९/०३/१३ | रोग किराको नियन्त्रण तथा मिनरल वितरण कार्यक्र.सं. | आरती भेट सेन्टर | १९५४२४ |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **सामाजिक सुरक्षा तर्फ** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.१ | | | **प्रतिवेदनः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिकबार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेस्रो तथा बार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष सामाजिक सुरक्षा वापत लाभग्राहीलाई जम्मा रकम रु १२५९६३६६८ वितरण गरेको छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन । | |
| ३५.२ | | | **भत्ता विवरणको अनुगमनः** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |
| ३५.३ | | | पारदर्शिताः कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्वन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्नेचौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्र.सं.मा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्वन्धी खर्चलाई पारदर्शी बनउन आवश्यक छ । | |
| ३५.४ | | | सार्वजनिक सुनुवाइः वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्र.सं. सम्वन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| ३६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्र.सं.** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्र.सं. सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्र.सं. संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्र.सं. अनुसार, कामका लागि रोजगार कार्यक्र.सं.मा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्र.सं. कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्र.सं.को उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्र.सं. अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका व२७टा कार्यक्र.सं. सञ्चालन गरी यस वर्ष ७२ जनालाई रोजगारी उपलव्ध गराई रु.३५१६८१५ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्र.सं. खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।<br>(क) प्रधानमन्त्री रोजगार कार्यक्र.सं. संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्र.सं.बाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।<br>(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्र.सं. अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित नगरपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्र.सं. | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्र.सं. गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयब गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>घटि अवधिको विमा<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न सडक योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छ । ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काको निर्माण व्यवसायीले निर्माण कार्य शूरु हुँदा विमा नगरी अन्त्यमा गरेको पाईयो ।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविश्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।यसका केहि उदाहरण देहायअनुसार छन्
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायीको नाम</th><th>सम्झौता रकम</th><th>सम्झौता मिति</th><th>बिमा शुरु हुने मिति</th><th>बिमा लेख नं.</th><th>बिमाको भुक्तानी</th></tr>
<tr><td>07/NCB/Works/RRM/2078-79</td><td>साहनी निर्माण सेवा</td><td>२३६९०२८</td><td>२०७८-०९-१९</td><td>२०७९-०३-०८</td><td>BHW-ENG-CARF-00110-2078-79</td><td>१९८०६</td></tr>
<tr><td>06/NCB/Works/RRM/2078-79</td><td>साहनी निर्माण सेवा</td><td>६१५३९६४</td><td>२०७८-०९-१९</td><td>२०७९-०१-१२</td><td>BHW-ENG-CARF-00053-2078-79</td><td>४८४९९</td></tr>
<tr><td>05/NCB/Works/RRM/2078-79</td><td>जे.ओ.कन्स्ट्रक्सन</td><td>५४२७२९६</td><td>२०७८-०८-२२</td><td>२०७९-०३-०७</td><td>8856-111121/226000018</td><td>३३०५१</td></tr>
<tr><td>12/SQ/Works/RRM/2078-</td><td>ब्लु विल्डर्स कन्स्ट्रक्सन</td><td>१६१०५१६</td><td>२०७८-१२-१४</td><td>२०७९-०३-२४</td><td>BHW-ENG-CARF-01 /00005-2078-79</td><td>१००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१११३५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>विद्यालय तर्फ बढी भुक्तानी</td><td>१९,१५९</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगरको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको विद्यालयलाई भुक्तानी दिंदा बिल भरपाई भन्दा बढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>विद्यालयको नाम</th><th>भुक्तानी हुनुपर्ने रु.</th><th>भक्तानी भएको रु.</th><th>बढि भुक्तानी रु.</th></tr>
<tr><td>११।२०७९-०१-०६</td><td>रामनरेश यादव आदर्श मा.वि.</td><td>१७९११०१</td><td>१८०००००</td><td>८८९९</td></tr>
<tr><td>२५।२०७९-०३-२३</td><td>रामनरेश यादव आदर्श मा.वि</td><td>२४८९७४०</td><td>२५०००००</td><td>१०२६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२८०८४१</td><td>४३०००००</td><td>१९१५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>रामनरेश मा.वि.नमुना विद्यालय निर्माण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले संघ शशर्त अनुदान मार्फत रामनरेश मा.वि.नमुना विद्यालय निर्माण कार्यक्र.सं.को लागि प्राप्त भएको रकम मध्ये कार्यसम्पादनको आधारमा रकम भुक्तानी गरी रु.७०००००० विद्यालयको खातामा रकम निकासा गरी खाता रोक्का राखेकोमा लेखापरीक्षणको समय २०७९-०८-०९ सम्म सो निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन,नापी किताबको आधारमा निर्माण व्यवसायी प्रदिप कन्स्ट्रक्सन प्रा.लि. लाई रु.१९२८४४६ रकम फुकुवा गरी रु.५०७१५५४ विद्यालयको खातामा रकम रोक्का रहेको छ ।उक्त निर्माण कार्यको बिल भरपाई,कार्यसम्पन्न प्रतिवेदन, नापी किताबको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५,०७१,५५४</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता अनुसार प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो.भौ.नं. २८५।२०७९-०३-२२ बाट श्री पजरपट्टी सामुदायिक सिकाई केन्द्रलाई कार्यसम्पन्न अनुसार</td><td>३,९००</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु. १६३१०० भुक्तानी गर्नुपर्नेमा रु.१६७००० भुक्तानी गरेकाले बढि भुक्तानी भएको रकम रु.३९०० असुल हुनुपर्ने रु. | |
| ४१ | | | **दोस्रो घटिवाला निर्माण व्यवसायीसँग सम्झौता**<br>सार्वजनिक खरिद नियमावलीको नियम २०६४,को नियम ५७(१) मा सार्वजनिक निकायले खरिदको प्रकृती अनुसार सबै बोलपत्रदातालाई समान रुपले लागू हुने गरी स्वीकृत लागत अनुमान रकमको दुई देखि तीन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आह्वानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ ।साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २१(१ग) मा छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा बोलपत्र जमानत जफत गर्नुपर्ने व्यवस्था छ ।<br>पालिकाले ठेक्का नं. ९, २०७८।०७९ — गाउँपालिकाको क्षेत्रभित्रको पोखाभिण्डी मा.वि मा विज्ञान भवन निर्माणका लागि रु ३९८३४०१।२२ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान भएकोमा सबैभन्दा घटि रकम रु २२३८८३२।०२ कवोलवाला निर्माण व्यवसायी श्री जाहिद कन्स्ट्रक्सन समयमा सम्झौता गर्न नआएका कारण दोस्रो घटि कवोलवाला निर्माण व्यवसायी श्री कृषा इन्जीनियरिङ्ग एण्ड सप्लायर्स सँग रु २५३९६३९।६९ मा सम्झौता गरी कार्य सुचारु गराएको र पहिलो घटि रकम कवोल वाला निर्माण व्यवासयीको वोलपत्र जमानत रु १ लाख जफत भएको छ ।<br>त्यसैगरी ठेक्का नं. ८, २०७८।०७९, छिपागढ मा.वि को विज्ञान भवन निर्माणका लागि रु ३९१९६८८।२५ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान भएकोमा सबैभन्दा घटि रकम रु २२५१३०८।८८ कवोलवाला निर्माण व्यवसायी श्री जाहीद कन्स्ट्रक्सन सम्झौता गर्न नआएको कारण दोस्रो घटिवाला निर्माण व्यवसायी श्री कृषा इन्जीनियरिङ्ग एण्ड सप्लायर्स सँग सम्झौता भएको देखियो । यस ठेक्कामा पनि वोलपत्र जमानत वापतको रकम रु १ लाख जफत भएको छ । निर्माण व्यवासयीले ठेक्का प्रक्रियामा सहभागी हुने तर विभिन्न कारण जनाई सम्झौतामा सहभागी नहुँदा सरकारी काममा बढी व्ययभार पर्न गएको देखिन्छ । यस्ता कार्यमा पालिकाले समयमै ध्यान दिई सुधार हुनुपर्दछ । | |
| ४२ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४२.२ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ४२.३ | | | **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br>**गोभौनं./मिति** \| **उपभोक्ता समितिको नाम** \| **कामको विवरण** \| **भुक्तानी रकम** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | विषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ९८।२०७८-१२-०६ | बसन्तपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | खानेपानी विस्तार | ४९०००० | |
| | | | १०३।२०७८-१२-०६ | धकधई गाउमा नाली निर्माण वडा नं ३ उपभोक्ता समिति | नाली निर्माण | ६५५५०० | |
| | | | ९९।२०७८-१२-०६ | सेमरपानी धर्मशाला निर्माण उ.स. | धर्मशाला निर्माण | ३४०००० | |
| | | | १५८।२०७९-०१-१६ | बेलराई छठघाट निर्माण उपभोक्ता समिति | छठघाट निर्माण | ४८८२०८ | |
| | | | १७२।२०७९-०२-१० | सम्पूर्ण वडामा शूद्ध खानेपानीका लागी हैण्ड पाइप उपभोक्ता समिति | खानेपानीका | १९३४१२८ | |
| | | | २५५।२०७९-०३-१७ | भटपुरवा गाउँभित्र स्कुल अगाडि पूर्व पि.सी.सी. सडक ढलान उपभोक्ता समिति | पि.सी.सी. सडक | ५६१२८५ | |
| | | | २९७।२०७९-०३-२४ | वडा नं २ समयमाई थानमा पूर्वाधार निर्माण उपभोक्ता समिति | भवन निर्माण | ७१२८९१ | |
| | | | ३०४।२०७९-०३-२४ | अधुरो दुर्गा मन्दिर खुरहुरिया निर्माण उपभोक्ता समिति | भवन निर्माण | ७५९१०८ | |
| | | | २७८।२०७९-०३-२१ | पर्सा कोटहीमाई अधुरो धर्मशाला निर्माण उपभोक्ता समिति | भवन निर्माण | ५००००० | |
| | | | २०३।२०७९-०३-२६ | सामुदायिक पार्क निर्माण उपभोक्ता समितिलाई | पार्क निर्माण | ४८७८४४ | |
| | | | | | जम्मा | ६९२८९६४ | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.४</td><td></td><td></td><td>नापी किताव / कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाबाट देहायको खर्च लेख्दा बिल भरपाई,कार्यसम्पन्न प्रतिवेदन, नापी किताब श्रेस्ता साथ संलग्न नराखी विभिन्न विद्यालयको खातामा रकम जम्मा गरी रोक्का राखेको पाईयो ।उक्त निर्माण कार्यको बिल भरपाई,कार्यसम्पन्न प्रतिवेदन, नापी किताबको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>निर्माण कार्य</td><td>रकम रु.</td></tr>
<tr><td>पेखरभिण्डी मा.वि.</td><td>विज्ञान भवन</td><td>२५००००००</td></tr>
<tr><td>छिपागढ मा.वि.</td><td>विज्ञान भवन</td><td>२५००००००</td></tr>
<tr><td>पजरकटी मा.वि.</td><td>शौचालय</td><td>६०००००</td></tr>
<tr><td>पशुपति आ.वि.</td><td>४ कोठे भवन</td><td>३६००००००</td></tr>
<tr><td>नवजीवन आ.वि.</td><td>२ कोठे भवन</td><td>१८००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११०००००००</td></tr>
</table></td><td>११,०००,०००</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>ननफाइलर सगँ खरिद<br>आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ती/ ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले देहायको निर्माण व्यवसायीसँग खरिद कार्य गरेकोमा उक्त निर्माण व्यवसायी मू.अ.कर नबुझाई NonFiler रहेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका NonFiler ब्यवसायीहरुलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीकालागी सम्बन्धित राजश्व कार्यालयमा लेखि</td><td>१,०८०,४६९</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पठाउनु पर्ने देखिन्छ । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू. | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं | नन्फाइलर रहेको मिति | भुक्तानी रकम (मू.अ.कर वाहेक) | मूअकर कर रकम | ७० प्रतिशत मू.अ.कर रकम |
|---|---|---|---|---|---|---|---|
| १८।२०७९-०३-०९ | जे.ओ.कन्स्ट्रक्सन प्रा.लि. | ६०९८२३६८६ | ०५।२०७९-०३-०८ | 2078/M/10 | २८८९०४२ | ३७५५७५ | २६२९०२ |
| २४।२०७९-०३-२० | जे.ओ.कन्स्ट्रक्सन प्रा.लि. | ६०९८२३६८६ | ०६।२०७९-०३-२० | 2078/M/10 | १२८०२१६ | १५९९५२ | १११९६७ |
| ०८।२०७९-०३-२३ | जे.ओ.कन्स्ट्रक्सन प्रा.लि. | ६०९८२३६८६ | ०८।२०७९-०३-२३ | 2078/M/10 | १८३४५९४ | २३८४९७ | १६६९४७ |
| ९।२०७९-०२-२५ | गंगोत्री देबि निर्माण सेवा | १०४६७४८८४ | ३८।२०७९-०२-११ | 2079/M/01 | २२७३०२८ | २९४२४७ | २०५९७२ |
| १२।२०७९-०३-०९ | जे.ओ.कन्स्ट्रक्सन प्रा.लि. | ६०९८२३६८६ | ०४।२०७९-०३-०८ | 2078/M/10 | २५३४८७८ | ३२३९३७ | २२६७५५ |
| १६।२०७९-०३-२५ | जे.ओ.कन्स्ट्रक्सन प्रा.लि. | ६०९८२३६८६ | ०९।२०७९-०३-२४ | 2078/M/10 | १०५०४८४ | १३६५६२ | ९५५९३ |
| ३१४।२०७९-०३-२५ | वारसी कन्स्ट्रक्सन | ३०२८२७५०१ | ०७।२०७९-०३-२४ | 2079/M/01 | ७७३६२१ | १००५७० | १०३३३ |
| | | | | जम्मा | १२६३५८६३ | १६२९३४० | १०८०४६९ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **बिमाको भुक्तानी** | ४९,८११ |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.२४।२०७९-०३-२० बाट जे.ओ.कन्स्ट्रक्सन प्रा.लि.लाई निर्माण कार्यको बिमा वापत रु.४९८११ भुक्तानी दिएकोमा सोको बिजक श्रेस्ता साथ संलग्न नभएकाले सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | |
| ४५ | | | **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्र.सं. तर्फ**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (१) अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्र.सं. र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ ।पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्र.सं.को स्विकृत कार्यक्र.सं. अन्तर्गत शौचालय निर्माणको लागि वेरिहवा मदरसालाई रु.६००००० विनियोजन भएको रकम निज विद्यालयले कार्यसम्पन्न गर्न नसक्ने जनाएको कारण गाउँ शिक्षा समितिले निर्णय गरि सो रकम पजरपट्टी मा.वि.लाई रकम निकासा गरी खाता रोक्का राखेको पाईयो । स्विकृत कार्यक्र.सं. बाहिर खर्च गर्ने निर्णय गरी खाता रोक्का राखेको नियमसम्मत देखिएन् । साथै उक्त शौचालय निर्माण कार्यको बिल भरपाई,कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको प्रमाण श्रेस्ता साथ संलग्न नभएकाले सो को प्रमाण पेश गर्नुपर्ने रु. | ६००,००० |
| ४६ | | | **विद्युतीकरण खर्च**<br>सवै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरे वापत सेवा शुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले विद्युत पोल, तार खरिद तथा तार तान्ने कामको लागि यसवर्ष गो.भौ.नं.२६४।२०७९-०३-१९ बाट रु.४४३९९९ खर्च गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । अतः अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउँपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ४७ | | | **थप आर्थिक व्ययभार** | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठे.नं. 04/SQ3/Work/RRM/2077-78 : गो.भौ. ९।०७९।२।१५ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस पालिकावाट तरकुल्लाह हुदै चक्कीपुर नवलपरासी (ब.सु.प.)सीमाको पुल सम्म सडक कालोपत्रे निर्माण कार्यका लागि निर्माण व्यवसायी गंगोत्री देवी निर्माण सेवा सँग सम्झौता गरी कार्य गराएकोमा यस वर्ष काम सम्पन्न नभई भएको कामको मूल्याकंन गरी भुक्तानी दिएको देखियो । निर्माण व्यवसायीवाट गराएको उक्त कालो पत्रे सडक कार्यमा आईटम नं. ११. Providing, Laying,Spreading and Compacting Water Bound Macadam कार्यका लागि रु १०४७०४७ (मू.अ.कर समेत) भुक्तानी दिएको देखियो । सडकको वेस सम्मको कार्यको भुक्तानी भएको तर कालोपत्रे नभएको अवस्थामा उक्त भुक्तानी मनासिव देखिएन । सडकको वेस सँगै कालोपत्रेको कार्य नभएमा वेसको कार्य खेरजाने र पछि कालोपत्रे गर्नुपरेमा पुनः वेसको काम गरेर मात्र कालोपत्रे गर्न सकिने भएकाले पछि सडक कालोपत्रे गर्दा खर्चमा दोहोरोपना हुने देखिन्छ । यस तर्फ प्राविधिक गंभिर वन्नु पर्दछ । | |
| ४८ | | | **वोलपत्रको म्याद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा वोलपत्र प्रस्ताव आव्ह्यानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा कम्तिमा ३० दिनको अवधि दिई प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले राष्ट्रिय दैनिक मार्फत वोलपत्र सम्वन्धि सूचना आव्हान गरी विस्तृत सूचानाको लागि पालिकाको वेभसाईटमा मा विस्तृत रुपमा उल्लेख भएको जानकारी दिएको छ । नियम वमोजिम वोलपत्रको लागि ३० दिनको म्याद दिई राष्ट्रिय दैनिकमा सूचान प्रकाशन गर्ने व्यवस्था भएकोमा वोलपत्र वुझाउने अन्तिम मिति उल्लेख नगरी सूचाना प्रकाशन भएको छ । वोलपत्रको सूचना प्रकाशन गर्दा ऐनमा भएको व्यवस्था वमोजिमको अवधि स्पष्ट उल्लेख गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ४९ | | | **प्रमाण पेश गर्नुपर्ने**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले गो.भौ.नं.२८८।२०७९-०३-२३ बाट सब ईन्जिनियर अजय कुमार तेलीलाई रु.७३२६० भुक्तानी दिएकोमा सोको बिल,भरपाई श्रेस्ता साथ संलग्न नभएकाले सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ७३,२६० |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **ह्याण्ड पम्प तथा स्यालो ट्युववेल**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्र.सं. तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्र.सं. तयार गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले बजेट तथा कार्यक्र.सं. गराउँदा ह्याण्ड पम्प, शुद्ध खानेपानी र सिंचाईको लागि गाउँपालिका तथा वडाहरुको लागि योजना पुस्तिकामा राखी रु.८४००००० बजेट विनियोजन गरेकोमा विभिन्न गोश्वरा भौचरवाट रु.७१०५७०५ खर्च लेखेको छ । उल्लेखित योजना र खर्च सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:<br>क) सभाले योजना तर्जुमा गर्दा ह्याण्ड पम्प, बोरिङ्ग र सिंचाईको लागि स्यालो ट्युववेलको कार्यक्र.सं.गत एकमुष्ट रकम विनियोजन नगरी अलग अलग योजनाको रुपमा बजेट विनियोजन गरेको ।<br>ख) प्राविधिक, जटिल र खरिद कार्य बढी भएको योजना उपभोक्ता समिति मार्फत गर्दा खरिद मितव्ययी नहुनुका साथै योजना दिगो र सफल हुन नसक्ने अवस्था छ ।<br>ग) गाउँपालिका भित्र खानेपानीको लागि हेण्ड पम्प जडान भनी कार्यालयले बजेट विनियोजन गरेकोमा पुनः वडाहरुमा छुट्टाछुट्टै बजेट विनियोजन गरेको उचित नदेखिएको ।<br>घ) जडान भएका ह्याण्ड पम्पबाट निस्केको पानी पिउनको लागि उपयुक्त रहे नरहेको गुणस्तर परीक्षण नगराएको तथा सिंचाईको लागि जडित स्यालो ट्युववेलवाट कति पानी डिस्चार्ज हुने र कति डिस्चार्ज भयो सो को मूल्यांकन नगरेको ।<br>ङ) संघ तथा प्रदेश सरकारका निकायहरुवाट समेत यस्तै कार्यक्र.सं. गर्ने हुँदा अन्तर निकाय विच समन्वय भएको नदेखिएको ।<br>च) कतिपयमा वितरण भरपाई नभएको, कतिपयमा वडाध्यक्ष मार्फत बुझिलिएको एकमुष्ट भरपाई बनाएको, वितरणको कार्यविधि नवनाएको, विगतमा सामग्री बुझे नबुझेको यकिन नगरेको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाएको ।<br>अतः वितरणको कार्यविधि समेत तयार नगरी गाउँपालिकाको अध्यक्षको तोक आदेश तथा वडाध्यक्षको सिफारिशवाट वितरण गरेको छ । वितरणको कार्यविधि नवनाएको, विगतमा सामग्री बुझे नबुझेको यकिन नगरेको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाई खर्च लेखेको नियमसम्मत देखिएन् । | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>
टुक्रा पारी निर्माण कार्य<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।<br>
नमुना छनौट गरि परीक्षण गरिएका निम्न निर्माणकार्यमा पालिकाले यो वर्ष गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु. ४१२५५४४ सोझै खरिद गरी निर्माणकार्य गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. ।मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३१२।२०७९-०३-२५</td><td>उष्मा निर्माण सेवा</td><td>पि.सि.सि. बाटो निर्माण</td><td>४८९२८४</td></tr>
<tr><td>३११।२०७९-०३-२५</td><td>राजन निर्माण सेवा</td><td>सडक मर्मत</td><td>९७१७०४</td></tr>
<tr><td>३१४।२०७९-०३-२५</td><td>वारसी कन्स्ट्रक्सन</td><td>सडक मर्मत</td><td>८७४१९१</td></tr>
<tr><td>२९८।२०७९-०३-२४</td><td>कृपा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>पि.सि.सि. बाटो निर्माण</td><td>४८७८६३</td></tr>
<tr><td>२८१।२०७९-०३-२२</td><td>लुम्बिनी सांस्कृतीक एशोसियट्स प्रा.लि.</td><td>पि.सि.सि. बाटो निर्माण</td><td>४८८६९४</td></tr>
<tr><td>३०३।२०७९-०३-२४</td><td>काछु कन्स्ट्रक्सन प्रा. लि.</td><td>पि.सि.सि. बाटो निर्माण</td><td>८१३८०८</td></tr>
</table>
</td><td>४,१२५,५४४</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td>जम्मा</td><td>४१२५५४४</td></tr></table> | |
| ५२ | | | **स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग नगरेको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(१)(ग) मा सार्वजनिक निकायले खरिद सम्बन्धी कारबाही गर्दा स्टयाण्डर्ड विडिङ्ग डकुमेण्ट्स तथा स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न आ.व. २०७८।७९ ठेक्का सम्झौता गर्दा स्टयाडर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग नगरी विडिङ्ग डकुमेण्ट्सलाई नै सम्झौताको रुपमा प्रयोग गरेको पाइयो । तसर्थ ऐनको प्रावधान अनुसार स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेण्ट प्रयोग गरी खरिद सम्झौता सम्बन्धी कारबाही हुनुपर्ने देखिन्छ । | |
| ५३ | | | **प्रदेश समपुरक अनुदान**<br>लुम्बिनी समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा को (४.३) मा प्रदेश सरकारले व्यहोर्ने अंश कूल लागतको बढीमा पचास प्रतिशत सम्मको रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र बाँकी अंश स्थानिय तहले विभिन्न ढाँचावाट व्यहोर्नु पर्ने व्यवस्था छ । कार्यविधिको (५.ज) मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्र.सं.का लागि समपूरक अनुदान उपलब्ध नहुने व्यवस्था छ । पालिकाले यसवर्ष समपुरक अनुदान शिर्षक मार्फत रु.९८३०२४० खर्च लेखेकोमा व्यवस्थापन कार्यविधि अनुसार पालिका र प्रदेशवाट ५०%-५०% व्यहोर्नु पर्नेमा यस पालिकाले समपुरक अनुदान शिर्षकबाट मात्रै खर्च लेखेको छ । निर्माण कार्यसम्पन्न नभएका कारण पालिकाको स्रोतबाट क्रमागत योजनाबाट खर्च लेख्ने पालिकाले जनाएको छ । पालिकाले कार्याविधिको पालना गर्नुपर्दछ । | |
| ५४ | | | **एडभान्स पेमेन्ट जमानतको मान्य अवधि**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।<br>तर कार्यालयले गरेका निर्माण व्यवसायीसँगको सम्झौतामा कार्यालयबाट त्यसरी प्राप्त गरेको मोविलाइजेशन पेश्की (Advance Payment) फछ्यौंट गर्ने अवधि उल्लेख गर्ने गरेको छैन र मोविलाइजेशन पेशुकी दिँदा ३ महिना देखि ६ मिहना सम्मको मान्य अवधि भएको बैंक जमानतको आधारमा दिने गरेको देखियो । अत निर्माण व्यवसायी वा सेवा प्रदायकसँग गरेको सम्झौतामा मोविलाइजेशन पेश्की फछ्यौंट गर्नुपर्ने अवधि उल्लेख गरी सोही बमोजिम बैंक जमानत लिनु पर्ने देखिन्छ । सम्झौतामा पेश्की फछ्यौंट गर्नुपर्ने अवधि उल्लेख नगरी ३-६ महिना मान्य अवधिको जमानतको पेश्की दिने गरेको केही उदाहरण देहाय अनुसार छन् । | |

| ठे नं. | निर्माण व्यवसायी | भौ नं. र मिति | पेश्की रु | पेश्की जमानतको अवधि |
|---|---|---|---|---|
| 07/NCB/WORKS/RRM 2078-79 | साहनी निर्माण सेवा | ३।२०७८-११-२० | ३०७००० | २०७८-११-१९ देखि २०७९-०२-३० सम्म |
| 5/NCB/Works | जे.ओ. कन्ष्ट्रक्सन प्रा.लि. | ६।२०७८-१२-२८ | ४७०००० | March 22,2022 देखि June 19.2022 |
| | | जम्मा | ७७७००० | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **डि पि आर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्र.सं. अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सीनं | कार्यक्र.सं.कोनाम | परामर्शदाता | स्वीकृतबजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | पोखरभिण्डी गाउमा कालीमाईधर्मशाला निर्माण कामको नक्शा र स्ट्रक्चर एनलाइसिस गर्ने कार्य | ग्लोबल इन्जिनियरिङ्ग सार्विसेज | 30000.00 | 29999.24 |
| २ | Master Plan & Detailed Project Report of Health Post रोहिणी२ | माउण्ट डिजाइन एण्ड कन्सल्टेन्सी प्रा.लि. | 500000.00 | 495500.00 |
| ३ | हेल्थपोष्ट भवन निर्माणकोलागी माटो परिक्षण गर्ने कार्य | जियो ईन्जिनियरिङ्ग एण्ड मैनेजमेण्ट सर्भिसेज प्रा.लि. | 300000 | 292670 |
| ४ | Master Plan & Detailed Project Report of Cold Storage at Rohini Rural Municipatity रोहिणी २ | क्राउन डिजाईन एन्ड रिसर्च सेन्टर प्रा.लि. | 1000000 | 988750 |
| ५ | श्रीनगर देखि ललितपुर पकडिहवा जाने सडक उत्तर टोल सम्मको | क्याड कन्सेप्ट ईन्जिनियरिङ्ग | 405000 | 392562 |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>बिस्तृतपरियोजना अध्ययन प्रतिवेदन</td><td>कन्सल्टेन्सी प्रा.लि.</td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td></td><td>२२३५००.00</td><td>२१९९४८१.00</td></tr>
</table>
डि.पि.आर. निर्माण गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>निर्माण कार्यको अवधि थप<br>सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा काबु बाहिरको परिस्थिती अवस्था मुल्याङ्कन बिश्लेषण बेगर,निर्माण व्यवसायीले निवेदन नदिई,कार्य सम्पादन जमानत र बिमाको अवधि समेत थप नगरी ११ औं गाउँसभामा सबै खरिद सम्झौताको एकमुष्ठ आ.व. २०७९।८० का लागि बजेट राख्ने र सम्झौता म्याद थप गर्ने निर्णय गरेको पाईयो ।पालिकाले उचित मुल्याङ्कन बिश्लेषण गरेरमात्र आवश्यकता अनुसार खरिद सम्झौताको अवधि थप गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणवाट कायम वेरुजु</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन</td><td>१४,६२५</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(3) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणबाट कायम असुल गर्नुपर्ने बेरुजु फछ्र्यौट गर्नुपर्ने देखिएको रु. | |

| गौ न | नाम | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| 64/2078- | मधु प्रसाद घिमिरे | सुशासन तथा व्यवस्थापन तालिमको प्रतिवेदन | २९७५ | बढी भुक्तानी |
| 526 र ५३०/2078-12-05 | जमुना शर्मा रेग्मी | अपाङ्गहरुको लागी सम्मान कार्यक्र.सं. | ३४०० | भरपाइ पेश नभएको |
| 646/2079-01-15 | पजरकट्टी सामुदायिक सिकाइ केन्द्र | हाते कढाइ तालिम लेभल २ | 4425 | भत्ता वुझाएको भरपाइ पेश नभएको |
| 728/2079-03-08 | भगवती नेत्रालय रामग्राम | अनुगमन भत्ता | २५५० | भत्ता वुझाएको भरपाइ पेश नभएको |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 548/2078-12-06 \| पजरकट्टी सामुदायिक सिकाइ केन्द्र \| महिलाहरुका लागी व्युटी पार्लर तालिम संचालन \| 1275 \| भत्ता वुझाएको भरपाइ पेश नभएको<br>\| \| \| १४६२५ \| | |
| ५७.२ | | | **महङ्गी भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (६) र (८) अनुसार गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार मालि, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । गाउँपालीकाले कानुन अनुसार कर्मचारीको सेवा करारबाट पदपुर्ति नगरी विभिन्न व्यक्तिसँग करार सम्झौता गरी नियुक्त गरेको छ । करारका कर्मचारीलाइ मासीक पारीश्रमिक,चाडपर्व खर्च, लुगा भत्ता मात्र उपलव्ध गराउने गरी करार सम्झौता गर्नुपर्दछ तथा अर्थ मन्त्रालयको मिति 2079/01/21 को पत्र संख्या 365-03/078/79 चलानी नं. 1719 को परिपत्रमा विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले महंगी भत्ता उपलब्ध गराउन नसकिने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले कार्यविधि तथा प्रचलित कानून विपरीत करारका कर्मचारीलाइ महङ्गी भत्ता मासीक रु २०००। दिने गरी सम्झौता गरेको छ । कानूनी व्यवस्था तथा कार्यविधि विपरीत ३१ जना करार कर्मचारीलाइ महङ्गी भत्ता रु ६१५,०००। खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | ६१५,००० |
| ५८ | | | **स्मार्ट कृषि**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहवाट विगतमा संचालित कार्यक्र.सं.हरुको प्रभावकारीता मुल्याङ्कन समेत का आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नु पर्ने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्र.सं.हरुको प्रभावकारीता का लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवस्यक व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले प्रगति स्मार्ट गाउँ | |

| क्र.सं. | भौ.नं. | भौ मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कृषि बाख्रापालन मैनीहवालाई स्मार्ट बाख्रा कार्यक्र.सं. सञ्चालनका लागि कुल सम्झौता रकम ६३ लाख मध्ये रु ९१६८९० यस गाउँपालिकाबाट अनुदान उपलब्ध गराएको पाइयो । सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यक्र.सं. सम्पन्न भए नभएको सम्बन्धमा गाउँपालिकाद्धारा अनुगमन निरीक्षण हुनुपर्दछ । | |